'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : ४९ बुधवार ३० असोज, २०८१ 16 (Wednesday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

कोहलपुरमा टाउको छिनालेर एक जनाको हत्या
हत्यामा संलग्न अनिल परियार दुई दिन पछि पक्राउ

नमस्ते समचारदाता
कोहलपुर, असोज/२९

शनिबार दशैको टिकाको राती कोहलपुर नगरपालिका -८ पिपिरी गाउँको बङ्गला चोकबाट पूर्व उत्तर गएको भित्री कच्चि बाटोमा टाउको नभएको अवस्थामा रगत बगिरहेको मानिसको शव फेला परेको थियो । राती नै केही स्थानिय मानिस टाउको नभएको अवस्थामा सव देखेपछि इलाका प्रहरी कार्यालय कोहलपुरमा फोन गरी जानकारी गराएका थिए । जानकारी पाए लगत्तै इलाका प्रहरी कार्यालय कोहलपुर बाट अनुसन्धान अधिकृत प्रहरी निरीक्षक राज कुमार भट्ट र हरि भट्टराइको संयुक्त टोलि घट्नास्थल तर्फ गएको थियो । जिल्ला प्रहरी कार्यालय बाँके बाट समेत प्रहरी निरीक्षक नवीन प्रकाश चापागाईंको कमाण्डमा प्रहरी र सादा पोशाकको टोली आइतबार बिहान करिब एक बजेको समयमा घटनास्थलमा पुगेको र घटनास्थलमा टाउको नभएको सेतो खरानी रङ्गो कट्टु र माथिल्लो शरीर नाङ्गो रगताम्य अवस्थामा घोप्टो परेको सव फेला परेको अनुसन्धान अधिकृत प्रहरी निरीक्षक राज कुमार भट्टले जानकारी गराएका छन् । सो घटनास्थलाई घेराहाली अनुसन्धान गर्दै जाँदा सरस्वती चोकमा रहेको सि.सि.टिभी फुटेजको भिडियो सहितको सहायताले लेडिज साइकल र सो साइकलमा केही सामान लगेर पुरुष मानिस गएको देखिए पश्चात घटना भएको स्थान वरपरका गाँउ टोलमा सोधपुछ, अनुसन्धान गर्दै जाने सोही स्थान नजिकै अनिता परियारको घर आगनमा सि.सि. टिभी फुटेजमा देखिएको उक्त लेडिज साइकल फेला परेको थियो । सो साइकलको छेउमा रहेको ढुङ्गामा रगतको टाटो लेखिएकोले अनिता परियार लगायत निजको घर परिवारलाई सोधपुछ गरिएको थियो । अनिता परियार सहित त्यहाँ रहेका अन्य मानिसहरुसँग सि.सि.टिभी फुटेजमा देखिएको मानिसको हुलिया पहिचान गराउँदा उक्त मानिस अनिता परियारको घरमा पाहुना आएको निजकै दाइ नाता पर्ने अनिल परियार भएको पुष्टि भयो । उनी रोल्पा साबिक घर्तिगाँउ गाविस-९ र हाल माडी गाउँपालिका-६ बस्ने वर्ष २४ को अनिल परियार रहेको खुल्न आएको अनुसन्धान अधिकृत प्रहरी निरीक्षक राज कुमार भट्ट बताए ।

बाँकी ३ पेजमा...

उम्मेद्वारहरु नमूना मतपत्रमा मतदान गर्ने तरिका सिकाउँदै

नमस्ते समचारदाता
कोहलपुर, असोज/२९

कोहलपुर उद्योग वाणिज्य संघको आगामी कात्तिक ३ गते हुने निर्वाचनमा लोकतान्त्रिक समावेशी व्यवसायी समूहले नमूना मतपत्र बोकेर मतदाताहरुलाई मतदान गर्ने तरिका बारेमा सचेतना शिक्षा अभियान सुरू गरेको छ । यस समूहले मतदाताहरूलाई आफ्नो मताधिकारको प्रयोग कसरी गर्ने भन्ने विषयमा सोमबार र मंगलबार कोहलपुर नगरपालिका अन्तरगत विभिन्न वडामा रहेका व्यवसायी मतदाताहरुलाई जानकारी गराइरहेको नमस्ते कर्णाली सम्वादवातालाई बताएको छ । सो समूहका अध्यक्ष पदका उम्मेदवार प्रदिप भट्टराईले मतदाता शिक्षा अभियानलाई प्राथमिकता दिदैं उनले भने, -'हामी सबै व्यवसायीहरूको हक हितको लागि काम गर्न प्रतिबद्ध छौं, यसका लागि हामी सबै मतदाताहरूलाई आफ्नो मताधिकारको प्रयोग गर्न प्रेरित गर्दैछौं ।' भट्टराईले मतदाताहरूलाई निर्वाचन प्रक्रियाबारे जानकारी दिँदै मतदान केन्द्रमा कसरी पुग्ने र कसरी मतदान गर्ने भन्ने विषयमा जानकारी गराएका थिए । यस्तै सो समूहका वरिष्ठ उपाध्यक्षका उम्मेदवार चण्डीप्रसाद गैरेले सबै व्यवसायीहरूको एकताका लागि काम गर्ने प्रतिबद्धता जनाए । आफ्नो समुहले गरेका प्रतिबद्धतालाई पूरा गर्नका लागि मतदाता व्यावसायीहरूको साथ आवश्यक रहने कुरामा जोड दिए । महासचिव पदका उम्मेद्ववार दिपकबहादुर भण्डारीले भने संस्थाको पारदर्शी र जवाफदेही नेतृत्व प्रदान गर्न प्रतिवद्ध रहेको बताए ।

बाँकी ३ पेजमा...

सडक यात्रा झन् कष्टकर

नमस्ते समचारदाता
हुम्ला, असोज/२९

हुम्ला जिल्लाका पाँच वटा गाउँपालिका राष्ट्रिय सडक सञ्जालसँग जोडिएपछि हवाई टिकट पाउनका लागि खेपिँदै खाएको शास्तीबाट मुक्ति पाउन सहज होला भन्ने सोचेका हुम्लावासीलाई सडक यात्रा पनि कष्टकर हुने गरेको छ । कच्ची सडक, अझ त्यसमाथि कर्णाली करिडोरमा सञ्चालन हुँदै आएका यातायातका साधनले कोचाकोच गरी यात्रु बोक्ने भएको कारण समस्या झेल्नु परेको हो । केही अगाडिसम्म यो समस्या सर्केगार्ड गाउँपालिकाको गिउसीसम्म यात्रुले झेल्नुपर्थ्यो । अहिले नेपाली सेनाले सडक निर्माणको जिम्मा पाएको लालीबगर दुल्लीकुनाको सडक निर्माण भएर सञ्चालनमा आएपछि हाल खार्पुसम्म सडक सञ्जाल जोडिएको छ । खार्पुसम्म गाडीमा आउन सक्ने अवस्था छ । पहिलो समस्या त खार्पुबाट गाडी चढेर जान गाडी भरिने गरी यात्रु भरिनै पर्छ । यातायातका साधन गुडाउने कुनै नियम छैन । यात्रु भरिएपछि गाडी गुड्छ । धुलाम्मे सडकमा यात्रा गर्न कष्टकर त छँदै छ । यता खार्पु, सर्केगार्ड, पिप्लाङ, अदानचुली वा ताँजाकोटबाट चढेको बोलेरो जिपमा सीधै सुर्खेतसम्म जान पाउने नियम छैन । बाजुराको धुलाचौरसम्म हुम्लाका यातायातका साधनमा गए पनि त्यताबाट अर्को गाडी चढ्नै पर्ने बाध्यता छ । त्यहाँका यातायात ब्यवसायीले यातायात सिन्डिकेट लगाएका छन् । किनकि धुलाचौरका यातायात व्यवसायीले तयार पारेको गाडी चढ्नुपर्छ । यात्रु नभरिएका कारण सुर्खेत जाने तयारीमा रहेका यात्रु बमहादुर बुढाले सडक यातायात जोडिए पनि यात्रा गर्न संक्रमण कायमै रहेको बताए । भनेको बेला जान नपाइने मात्र नभई गाडी भाडा पनि धेरै दिनुपर्ने अवस्था छ । अहिले खार्पुबाट सुर्खेत पुग्न डेढदेखि दुई दिन लाग्ने गरेको यातायात ब्यवसायी खुम रावत बताउँछन् । गाडी भाडा पनि सर्केगार्डबाट सुर्खेतसम्म ७ हजार रुपैयाँ लाग्छ भने खार्पुबाट एक हजार पाँच सय रुपैयाँ थप्नुपर्ने हुन्छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
☎ कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

सम्पादकीय

गाउँमा सुनसान शहरमा चहलपहल

दशै सकिएसँग फेरि गाउँघर सुनसान हुँदै छन् भने शहर बजारहरुमा चहलपहल देखिन थालेको छ । वर्षदिनमा एकपटक आउँने महत्वपूर्ण चाड भएकाले दशैमा शहरमा विभिन्न काम, पेशा, व्यवसाय आदिको लागि बसेकाहरु गाउँघरमा आफ्नो परिवारका सदस्यहरुसँगै रमाउन फर्किन्छन् । दशैको टिका सकिए कै एक/दुई दिनमा फेरि शहर बजार तिर फकिन पर्ने बाध्यता भैहाल्छ र गाउँघरमा गएकाहरु शहर फर्किन्छन् । गाउँघर गएकाहरु शहर फर्किर पश्चात गाउँघर सुनसान हुन्छ । यो नेपाली समाजको रहर र ıध्यता दुबै हो । गाउँघरमा आफ्ना परिवारका सदस्यहरु सँगै बस्न त सबैलाई रहर हुन्छ नै । तर गाउँ मै बसिरहेर आफ्नो गुजारा चल्दैन अनि मानिस शहर पस्छ । परदेश जान्छ । नेपाल सरकारको उल्टो नीति र स्वार्थ केन्द्रीत राजनीतिले गाउँघरको प्राय सबै उर्वरा भूमि बाँझै छ भने मूल्यवान प्राकृतिक वनस्पतिहरुको समेत उपयोगिता भएको छैन । गाउँघरका नागरिकहरुलाई त्यहीको जमिनलाई उर्वर बनाउने र प्राकृतिक वनस्पतिहरुको प्रयोग तथा उपयोगिताको ज्ञान दिएर त्यसै बाट उनीहरुको आर्थिक उन्नती गराउने भन्दा पनि सरकार उनीहरुलाई शहर पसाउने र बिदेश पठाउने बिचौलिया जस्तो भएको छ । त्यसैले नेपाली नागरिकहरु गाउँ छोडन बाध्य छन्, आफ्नो अनि परिवारको रोजीरोटीका लागि पनि । नेपालीहरुको परिवार सँग गाउँघरमा बस्ने समय भनेको केही दिनको मात्र हुन्छ। धेरै समय कामका लागि शहर बजार मै बित्ने गर्दछ। गाउँघरका मानिसहरु शहरमा नगएमा शहरको चहलपहल र रौनक आउदैन । दशैको तिकाको दिन काठमान्डौं लगायत कयौं शहरमा सुनसान देखिनुले त्यही संकेत गरेको छ । नेपालीहरु आफ्ना रितिथिती र परम्पराहरु प्रति धेरै नै आशथावान छन् र विश्वास पनि राख्दछन् । त्यसैले पनि जतिसुकै कठिन परिस्थिति भए पनि दशैमा आफ्नो गाउँघरमा जान र परिवारका सदस्यहरु सँग भेटन बिर्सदैनन्।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

बिपतपछिको देश र दशैं

डा. शोभाकर पराजुली



डा. शोभाकर पराजुली

हरेक विपत् समस्यासँगसँगै समाधान पनि लिएर आउँछन् । छेक्न अनि रोक्न नसकिने यी विपत्बाट हामीले पाठसमेत सिक्नु पर्छ । हरेक वर्ष आउने बाढीपहिरो अनि अचानक आउने महाभूकम्पका धक्काले हामीलाई धेरै शिक्षा दिइसकेको छ । त्यसलाई हामीले ग्रहण गर्न मात्रै नसकेका हौं । ग्रहण यस अर्थमा पनि विपत्पछिको क्षति न्यूनीकरण र त्यसपछिको व्यवस्थापनमा हामी जहिल्यै चुकिरहेका छौं ।

बाढीपहिरोको महामारीसँगसँगै नेपालीको घरआँगनमा दसैं प्रवेश गरिसकेको छ । विपत्तिमा लतपतिएको देश अनि पर्वको उल्लास पनि सँगसँगै भयो । प्रकृतिको यो नियतिबाट सायदै मानव जाति अलग हुन सक्छ । तथापि जस्तोसुकै आपत्विपत्मा पनि धैर्य गर्न र रमाउन सक्ने गुण नेपाली नागरिकमा छ । दसैं नेपालीको ठुलै पर्व हो । हिन्दु समाजका विभिन्न समुदाय अनि वर्गले फरक फरक तरिकाले मनाउने गरे पनि यसको महिमा अनि महत्वका अन्तर्य उस्तै उस्तै हुन्छन् । तथापि जसले जसरी व्याख्या गरे पनि दसैंको महानता अलग्गै छ । यसलगत्तै तिहार अनि छठले अझै महिना दिनसम्म नेपालीको घरआँगनमा पर्वको उल्लास बाँकी नै रहने छन् । गत असोज ११ र १२ गते भएको अविरल वर्षाका कारण करिब २४६ जना मानिसको अकालमा मृत्यु भयो । १८ जना अहिले पनि बेपत्ता छन् । देशभरि यो वर्षाले ज्यानको मात्रै नभई अर्बौं रुपियाँको अन्नबाली नष्ट गरेको छ । हजारौं मानिस विस्थापित भएका छन् । सयौं घाइते छन् । अनि अर्बौंको भौतिक क्षति राज्यले बेहोर्नुपर्ने अवस्था आएको छ । यो विपत्तिसँगसँगै देशभरिका राजमार्ग, सहायक मार्ग अनि गोरेटोसमेत क्षतिग्रस्त भएका छन् । मुख्य राजमार्ग अहिले पनि खण्ड खण्डमा अवरुद्ध छन् । यसबाट दसैंका लागि मातृभूमि फर्किनेहरूले सास्ती बेहोरिरहनु परेको छ । दसैं भनेको एउटा उमङ्ग, उल्लास अनि पारिवारिक र सामाजिक पुनर्मिलनको पर्व पनि हो । नेपालीको एउटा महान् सामाजिक पर्व दसैंमा देशविदेशबाट समेत पारिवारिक सदस्य घर फिर्ने योग जुर्छ । यस्तो अवस्थामा रोजोरोटीका लागि घरबाहिर रहेका पनि फर्किरहेका छन् । विपत्का कारण अहिले देशभरि यातायातका साधन राम्रोसँग चलाउन नसकिने अवस्था छ । यस्तो अवस्थामा राज्यका सबै संयन्त्र परिचालन गरेर सडक सुचारु गर्न र यातायातको व्यवस्थापनका लागि स्थानीय सरकार अनि स्थानीय जनप्रतिनिधि अग्रसर हुनु पर्छ । सङ्घीय सरकारले उनीहरूसँग समन्वय गरेर तत्काल जनजीवन सहज बनाउन सकिन्छ । तत्काल आधारभूत राहतको व्यवस्थापनले पर्वका बेला विपत्मा परेका नागरिकलाई केही सहज हुन सक्छ । विपत् भनेको आकस्मिक हुन्छ, प्राकृतिक यस्ता विपत्लाई चाहेर पनि मानव जातिले रोक्न सक्दैन । अबको युगमा पूर्वसूचनाका संयन्त्र विकास भइसकेका छन् । विपत्को पूर्वजानकारी अनि पूर्वानुमानले त्यसको क्षति कम गर्न मद्दत गर्छ । नेपालमा पनि यस्ता प्रणालीहरू खडा छन् । सरकारले सम्भावित विपत्बारे नागरिकलाई पूर्वजानकारी दिने र त्यसबाट बच्नका लागि सावधानी अपनाउन पूर्वसचेतना गराउने कार्य पनि गराउँदै आएको छ । तथापि हामीले यस्ता प्राकृतिक विपत्तिबाट हरेक वर्ष वा हरेक मौसममा क्षति बेहोर्दै आएका छौं । यो नियतिबाट हामीले कहिल्यै छुटकारा पाउन सकेनौं । पाठ पनि सिकेनौं । हरेक विपत् समस्या सँगसँगै समाधान पनि लिएर आउँछन् । छेक्न अनि रोक्न नसकिने यी विपत्बाट हामीले पाठसमेत सिक्नु पर्छ । हरेक वर्ष आउने बाढीपहिरो अनि अचानक आउने महाभूकम्पका धक्काले हामीलाई धेरै शिक्षा दिइसकेको छ । त्यसलाई हामीले ग्रहण गर्न मात्रै नसकेका हौं । ग्रहण यस अर्थमा पनि विपत्पछिको क्षति न्यूनीकरण र त्यसपछिको व्यवस्थापनमा हामी जहिल्यै चुकिरहेका छौं । उद्धार अनि राहत कार्यमा हामी जहिल्यै ढिलाइ गर्छौं । सरकार अनि सरकारी संयन्त्रले काम नगरेका होइनन् तर आपत्विपत्मा परेका नागरिकलाई महसुस हुने गरी राज्यका संयन्त्रले तत्परता नदेखाउँदा सरकारप्रति जनआक्रोश बढ्न जान्छ । भौगोलिक र प्राकृतिक रूपमै हाम्रो देश यस्ता विपत्को जोखिम रहेको भूगोल हो । भूकम्पदेखि बाढी पहिरो अनि भूक्षय, आगलागीजस्ता विपत्ले हामीलाई सधैँ छोइरहेका हुन्छन् । त्यसमा अहिले विश्वव्यापी समस्याका रूपमा रहेको विश्व तापमान वृद्धि र जलवायु परिवर्तनका असरले हाम्रोजस्तो विकासशील देशहरूलाई अझ विपत्का घेराभित्र धकेलिरहेका छन् । आपत्विपत्बाट बच्न र बचाउने उपायको मन्थनका लागि भर्खरै मात्र हाम्रा प्रधानमन्त्री केपी शर्मा ओली राष्ट्रसङ्घीय महासभामा सम्बोधन गरेर फर्किनुभएको छ । यी सबै विषयबाट हामीले सिक्नुपर्ने कुरा के हो भने राज्यले आफूसँग भएका संयन्त्र र संरचनालाई सधैँ तम्तयार अवस्थामा राख्नु पर्छ अनि उद्धार र राहतका लागि सबै संयन्त्र परिचालनको तत्परता रहिरहनु पर्छ । उद्धारका लागि अत्याधुनिक र सुरक्षित स्रोतसाधनको व्यवस्थापन अर्को महत्वपूर्ण कुरा हो । राज्यको ढुकुटीले भ्याएसम्म हाम्रोजस्तो जोखिमयुक्त देशमा उद्धार र राहतका लागि एउटा अलग्गै संयन्त्र निकै अत्यावश्यक हो । यसबारे हाम्रा नीतिनिर्माताले तत्काल सोच्नु पर्छ । राष्ट्रको दीर्घकालीन योजनामा एउटा उद्धार संयन्त्रको निर्माणलाई प्राथमिकतामा राखिनु पर्छ । यो अहिलेको आवश्यकता भइसकेको छ । त्यस्तै प्रकृतिको दोहन रोक्नका लागि कडा कानुन बनाउनु पर्छ । भएका ऐन कानुनलाई तत्काल प्रभावकारी कार्यान्वयनमा ल्याउन जरुरी छ । अबका विकास निर्माण वा भौतिक संरचनाका निर्माण विपत् प्रतिरोधी बनाउनतर्फ राज्यले तत्काल कडा नीति अख्तियार गर्न जरुरी छ । दुई दिनको वर्षाले देश दुई सातासम्म पनि अस्तव्यस्त छ । चाडपर्वको यो मौसमले पनि अझ अस्तव्यस्तता बढाइरहेको छ । सरकारी संयन्त्रसामु यही बेला धेरै कामका अभिभारा आइलागेका छन् । आपत्विपत्का बेला हुने कालोबजारी, उपभोक्तामाथि हुने ठगी अनि कृत्रिम अभाव सिर्जना भइरहेका छन् । राज्यका निकायले गर्ने बजार अनुगमनले आमनागरिकलाई छुन नसकेको आभास भइरहेको छ । यद्यपि बजार अनुगमन नियमित नै भइराखेका हुन्छन् तर चाडपर्वलाई लक्षित गरेर हुने अनुगमन पनि आम उपभोक्ताको हितमा हुन नसकेको गुनासा आइरहेका छन् । यस्तो अवस्थामा उपभोक्तालाई बजार सहजीकरणका लागि सरकारले एउटा छुट्टै संयन्त्र निर्माण गर्नु पर्छ । उपभोक्तामाथि हुने ठगी कार्य रोक्नका लागि तत्कालै कारबाही गर्ने अधिकारसमेत दिनु पर्छ । यसले चाडपर्वमा मात्रै होइन, अघिपछि पनि हुने कालोबजारी अनि कृत्रिम मूल्यवृद्धिलाई रोक्न मद्दत गर्छ । बाढीपहिरोको महाविपत्तिपछि अझ सामुन्नेमा आएको अर्को चुनौती हो जनस्वास्थ्य । बाढीपहिरोमा धेरै क्षति भएको छ । त्यसमा पनि मानिसका लागि नभई नहुने कतिपय आधारभूत आवश्यकताका पूर्वाधार पनि क्षतिग्रस्त भएका छन् । जस्तो कि धेरै ठाउँमा खानेपानीका मुहान elTs Ps f 5g\. – *गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

स्वास्थ्यमन्त्री पौडेलद्वारा क्यान्सर रोक्न नि:शुल्क खोप माग

नमस्ते समचारदाता
काठमाडौं, असोज/२९

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले विश्वव्यापी खोप अलाएन्स गाभीका कार्यकारी अधिकृत सानिया निस्तारसँग भेट गर्नुभएको छ । भेटमा उहाँले नेपाल बालबालिकामा हुने क्यान्सरसँग जुध्नका लागि परेको भन्दै बाल क्यान्सर नियन्त्रणका लागि खोपको सहायताका लागि आग्रह गर्नुभयो । मन्त्रालयले सानै उमेर देखि नै क्यान्सर नियन्त्रणका लागि योजना बनाएर काम थालेको भन्दै मन्त्री पौडेलले गाभीबाट प्राप्त हुने सहयोगले साथ मिल्ने बताउनुभयो । मन्त्री पौडेलले हेटौँडामा रहेको विश्व स्वास्थ्य सङ्गठनको हेटौँडामा रहेको कीटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालिम केन्द्रलाई क्षेत्रीय अनुसन्धान केन्द्रका रूपमा विकास गर्न सघाउन आग्रह गर्नुभएको छ। जर्मनीको बर्लिनमा आयोजित विश्व स्वास्थ्य शिखर सम्मेलनका क्रममा सङ्गठनका महानिर्देशक डाक्टर टेड्रोस गिब्रिएसस्सँगको कुराकानीका क्रममा यस्तो अनुरोध गर्नुभएको हो । नेपाल मात्र नभएर दक्षिणपूर्वी एसियाकै अनुसन्धान केन्द्रका रूपमा विकास गर्न सकिने भन्दै मन्त्री पौडेलले यसका लागि सरकारका तर्फबाट गर्नुपर्ने सहयोगका लागि तयार रहेको बताउनुभयो । जवाफमा विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोसले नेपालले सङ्गठनको स्वास्थ्य लक्ष्य पूरा गर्न महत्वपूर्ण योगदान दिएको चर्चा गर्दै यस विषयमा सकारात्मक रहेको बताएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वय महाशाखा प्रमुख डाक्टर भीम सापकोटाले जानकारी दिनुभयो । मन्त्री पौडेलले जर्मनीका सङ्घीय स्वास्थ्यमन्त्री कार्ल लउटरबचसँग पनि भेटवार्ता गर्दै नेपालले डिजिटल स्वास्थ्यमार्फत स्वास्थ्य सुधार अघि बढाउने बताउनुभयो । जर्मन मन्त्रीले जर्मन अन्तर्राष्ट्रिय सहायता एजेन्सीमार्फत नेपाललाई दिन लागिएको करिब ३० मिलियन युरो स्वास्थ्य सहायताको प्राथमिकताबारे जिज्ञासा राखेका थिए । जवाफमा मन्त्री पौडेलले डिजिटल प्रणालीको सुधार अघि बढाउने बताएका हुन् । विश्व स्वास्थ्य शिखर सम्मेलनमा कार्यक्रममा बोल्ने क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले नेपालको दूरदराजका क्षेत्रमा समेत ५२ हजार महिला स्वास्थ्य स्वयंसेविकाले पोषण र स्वास्थ्यका क्षेत्रमा मातृ र शिशुका लागि उदाहरणीय काम गरेको बताउनुभयो । स्थानीय समुदायका महिलाले प्रभावकारी योगदान दिएकै कारण मातृशिशु मृत्युदर कम गर्न सकेको मन्त्री पौडेलले बताएपछि सहभागीले त्यस कार्यको प्रशंसा गरेको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

हत्यामा...

घटनाको अनुसन्धान गर्दै जाने क्रममा सोमबार बिहान करिब १० बजेको इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक हरी भट्टराईको कमाण्डमा खटिएको टोलिले मृतक चन्द्र बहादुर कामीको काटिएको टाउको, प्रयोग गरेको हतियार (हसिँया) अनिता परियारको घर पछाडि बारीमा रहेको सेफ्टी टंकी भित्र फेला पारेको थियो । टाउको र हत्यामा प्रयोग गरिएको हतियार समेत फेला परेर सवको पूर्ण रुपमा पहिचान भएपश्चात सोमबार नै सव पोष्टमार्टस समेत गरिएको हो। हुलियाको आधार मा हत्यामा संलग्न अनिल परियारको खोजतलास गर्दै जाँदा मंगलबार बिहान करिब ८ बजे राप्तिसोनारी-१ तिन घारी टोल स्थित भौवा नाका जाने बाटोको दाँया तर्फ रहेको तिर्थमाली परियारको घर किनारमा रहेको शौचालयबाट उनलाई प्रहरीले पक्राउ गरी अनुसन्धानका लागि थुनामा राखिएको मंगलबार अनुसन्धान अधिकृत प्रहरी निरीक्षक राज कुमार भट्टले जानकारी गराएका छन् ।

उम्मेद्वारहरु...

कोषाध्यक्षका उम्मेदवार भूमीराज कडेलले संस्थाको आर्थिक अवस्था सुधार गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने र ती कार्यक्रमहरुमा पारदर्शीता कायम राख्न प्रतिवद्ध रहेको बताए। कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचन केवल एक औपचारिकता होइन, यो व्यवसायीहरूको भविष्यको लागि एक महत्त्वपूर्ण अवसर हो । लोकतान्त्रिक समावेशी व्यवसायी समूहले यस निर्वाचनमा सहभागिता जनाएर एक शसक्त व्यवसायी समुह निर्माण गर्नेमा विश्वास राखेको छ। त्यसका लागि सो समूहले सबै मतदाताहरूलाई मतदान प्रक्रियामा संलग्न हुन र आफूलाई प्रतिनिधित्व गर्ने उम्मेद्वारहरुलाई मतदान गरी जिताउनका लागि यो अभियानले महत्वपूर्ण भूमिका खेल्ने बताएकोछ ।

नेपालीहरुको महान पर्व विजया दशमी,
शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक,
शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरुमा
सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
देवका थापा
(प्रिन्सिपल)
रतन बहादुर बुढा
(विव्यस अध्यक्ष)
त्रिभुवन नमूना माध्यमिक विद्यालय
कोहलपुर-१०, बाँके
समस्त परिवार

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रमेश के.सी.
(प्रिन्सिपल)
एवम्
निम बहादुर खत्री
(अध्यक्ष)
निम्बल ई.मि स्कुल
कोहलपुर-११, बाँके
समस्त परिवार

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com
9847246903

"व्यवसायिक एकता, हाम्रो प्रतिबद्धता"
कोहलपुर उद्योग वाणिज्य संघको २०८१ कार्तिक ०३ गते हुन गइरहेको निर्वाचनमा
प्रदिप भट्टराई नेतृत्वको लोकतान्त्रिक समावेशी व्यवसायी समूहका उम्मेदवारहरु

प्रदिप भट्टराई
अध्यक्ष
पप लाइफ, कोहलपुर
मो. ९८५८०६०७७२

चण्डि प्रसाद गैरे
वरिष्ठ उपाध्यक्ष
गैरे अफसेट प्रेस, कोहलपुर
मो. ९८५८०२०८५६

हरिशरण के.सी.
उद्योग उपाध्यक्ष
जटायु रिसाइकल्र्स प्रा.लि., कोहलपुर
मो. ९८५८०२४७७०

राकेश विष्ट
वस्तुगत उपाध्यक्ष
श्री जय लक्ष्मी ट्रेडर्स, कोहलपुर
मो. ९८५८०२००५३

दिपक बहादुर भण्डारी
महासचिव
दिप मोबाइल, कोहलपुर
मो. ९८५८०४३०१०

राजकुमार पौडेल
उप-महासचिव
स्पेशल कलेक्सन, कोहलपुर
मो. ९८६८२०८५४४

भुमिराज कंडेल
कोषाध्यक्ष
निशा किराना पसल, कोहलपुर
मो. ९८५८०८१९१९

देविलाल सुनार
सह-कोषाध्यक्ष
प्रतिक ज्वैलर्स, कोहलपुर
मो. ९८५८०२१४११

खुल्ला सदस्य तर्फ :

किरण वि.क.
देउती सुन चाँदी पसल, कोहलपुर
मो. ९८५८०२२१४१

गौरव श्रेष्ठ
हाइवे मोबाइल जोन, कोहलपुर
मो. ९८५८०४४५३५

भुप बहादुर भण्डारी
सुनिल फेन्सी कलेक्सन, कोहलपुर
मो. ९८६८३५१८९९

अमृत प्रसाद पौडेल
समता ट्रेडर्स एण्ड सप्लायर्स, कोहलपुर
मो. ९८४८१८१५७५

किरण प्रसाद श्रेष्ठ
ओम फार्मेसी, कोहलपुर
मो. ९८५८०२२१४१

नोखराज रावत
एस.पी. मल्टि सर्भिस, कोहलपुर
मो. ९८५८०२७२६०

श्रीधर घिमिरे
क्रिष्टल ट्रेड एण्ड सप्लायर्स, कोहलपुर
मो. ९८५११९७३७९

गिरिधारी शर्मा
शुलभ स्टोर्स, कोहलपुर
मो. ९८५८०२६५४७

अशोक गौडेल
गौडेल ब्रदर्स एण्ड सप्लायर्स, कोहलपुर
मो. ९८४८४२१०६७

मान बहादुर क्षेत्री
रबिन एण्ड दैलेखी सप्लायर्स, कोहलपुर
मो. ९८४८४२१०६७

महिला सदस्य तर्फ :

सिता योगी अधिकारी
शितल फेन्सी स्टोर्स, कोहलपुर
मो. ९८४२३४५३५३

ममता थापा
ममता फेन्सी एण्ड कस्मेटिक पसल, कोहलपुर
मो. ९८४५८३७१८१

एशोसियट तर्फ

राजेन्द्र प्रसाद रिजाल
एशोसिबट सदस्य
नेपाल ग्रिन जोन प्रा.लि., कोहलपुर
मो. ९८५८०५३०८०

लोकतान्त्रिक समावेशी व्यवसायी समूहका उम्मेदवारहरुलाई अमूल्य मतदान गरी विजयी गराऔं ।
चुनाव प्रचारप्रसार समिति
VOTE

जुम्ला र मुस्ताङको स्याउले बिदेशी स्याउ विस्थापित

नमस्ते समचारदाता

जुम्ला, असोज/२९

यस पटकको दशैतिहारमा नेपालको स्याउले राम्रो वजार जमाएको छ । नेपाली वजारमा जुम्ला, मुस्ताङ, हुम्लाका स्याउ सहजै भित्रिएपछि विदेशी स्याउको बजार खस्केको व्यवसायीहरुले बताएका छन् । नेपालगञ्ज,बुटवल, नारायणघाट तथा काठमान्डौं लगायतका वजारमा स्वदेशी स्याउ बजारमा आएपछि भारत र चीन दुवै ठाउँबाट आउने स्याउको बिक्री निकै कम भएको व्यवसायीहरु बताउँछन् । नेपालगञ्ज र बुटवलको वजारमा कर्णाली प्रदेशका जुम्ला, कालीकोट, हुम्ला र मुगु तथा गण्डकी प्रदेशको मुस्ताङमा उत्पादन अर्गानिक स्याउ ठुलो मात्रामा आएपछि भारत र चीनबाट आयात गरिने स्याउको बिक्री निकै कम भएको बुटवल कृषि उपज केन्द्रका फलफुल व्यवसायी टेकराज पन्थीले बताएका छन् । जुम्ला र मुस्ताङको स्याउको माग उपभोक्ताबाट धेरै भएको र यस पटक ढुवानीमा सहजीकरण गरिएकाले नेपाली स्याउले वजार पाएको उनको भनाई छ । भारत र चीनबाट भित्रिएका महँगो स्याउले बजार ओगटेको समयमै जुम्ला र मुस्ताङको स्याउ वजारमा सस्तोमा पाउन थालेपछि अन्य स्याउको बिक्री सुस्ताएको छ । चीन र भारतको स्याउ बढी खपत हुने गरेका बजारहरुमा अहिले जुम्ला र मुस्ताङको स्याउले जतातत‍ै बजार पाएको छ । भारतीय स्याउ प्रतिकिलो १५० देखि २५० रुपियाँ र चीनको स्याउ प्रतिकिलो १६० देखि २०० रुपियाँ भन्दा बढीमा बिक्री भइरहेको बेला नेपाली स्याउ ग्रेडिङ गरेर प्रतिकिलो ९० देखि १४० रुपियाँसम्ममा विक्रि हुन थालेपछि अरू स्याउको बिक्री बन्द भएको व्यवसायीले जनाएका छन् । व्यवसायीहरुले पसलमा जुम्ला र मुस्ताङको स्याउ नै माग्न थालेपछि अन्य स्याउ राख्नै छाडेको बताउछन् । कर्णालीको जुम्लाबाट स्याउ नेपालगन्ज ल्याएर बिक्रीका लागि बुटवल वसपार्कमा रहेको जुम्लेली होटल सञ्चालकले माग अनुसार अर्गानिक स्याउ पुऱ्याउन नसकेको बताएका छन् । उनका अनुसार अहिले जतातत‍ै कर्णालीकै स्याउ बिक्री भइरहेको छ । भारतीय स्याउ महँगो र चीनको स्याउ त्यति स्वादिलो नभएकाले कर्णालीको स्याउको माग अत्यधिक रहेको छ ।

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरूमा सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
जय बहादुर विष्ट (प्रिन्सिपल)
कृष्ण कुमार आचार्य (विव्यस अध्यक्ष)
लक्ष्मी माध्यमिक विद्यालय
कोहलपुर-२, बाँके
समस्त परिवार

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरूमा सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
उमेश कुमार श्रेष्ठ (प्रिन्सिपल)
कुवेर बस्नेत (प्रबन्ध निर्देशक)
वेस्टर्न ई.मी. सेकेन्डरी स्कुल
कोहलपुर-५, बाँके
समस्त परिवार

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

सुपथमूल्य पसलबाट ३८ लाख बराबरको चामल बिक्री

नमस्ते समचारदाता

धनगढी, असोज/२९

धनगढी स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चाडपर्व लक्षित गरी सञ्चालन गरेका सुपथमुल्य पसलबाट ३८ लाख मूल्य बराबरको चामल बिक्री गरेको छ । यही असोज ७ गतेदेखि सञ्चालन गरेको चाडपर्व लक्षित सुपथ मूल्य पसलबाट उक्त रकमको चामल बिक्री भएको हो । सुदूरपश्चिमका डोटी, डडेल्धुराका एक-एक र कैलालीका दुई स्थानमा सञ्चालित सुपथ मूल्य पसलबाट तीन थरीका पाँच सय ४० क्विन्टल चामल बिक्री भएको कार्यालयका निमित्त प्रमख कल्पना बिष्टले जानकारी दिए । डडेल्धुरा स्थित गोदामबाट एक सय ५६ क्विन्टल, डोटीको सिलगढीस्थित गोदामबाट दुई सय २६ क्विन्टल, कैलालीको धनगढीस्थित बिक्री कक्षबाट एक सय सात क्विन्टल र धनगढीको मोहनपुर गोदामबाट ४९ क्विन्टल चामल बिक्री भएको बिष्टले जानकारी दिइन । कम्पनीले सबै प्रकारका चामलमा प्रतिकिलो पाँच छुट दिएर बिक्री गरिरहेको थियो । सुपथ मूल्य पसल आगामी माघ २ गतेसम्म सञ्चालनमा रहने बताइएको छ ।

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डिल्लीराज घिमिरे (प्रिन्सिपल)
एवम्
किशोर राज मल्ल (एम.डी)
पञ्चमूखी ई.मि. स्कुल
कोहलपुर-५, बाँके
समस्त परिवार

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके